STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २८८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक २३ गते मंगलबार ❑ 9 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पाँच दलीय समन्वय समिति गठन गर्ने सत्ता गठबन्धनको निर्णय

**रासस**
**काठमाडौं, २२ कार्तिक**

सत्ता गठबन्धनमा सहभागी राजनीतिक दलहरूले सरकार सञ्चालनमा सहयोग पुऱ्याउन पाँच दलीय समन्वय समिति गठन गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार साँझ बसेको बैठकले ११ सदस्यीय समन्वय समिति गठन गर्ने निर्णय गरेको नेकपा (माओवादी केन्द्र) का नेता नारायणकाजी श्रेष्ठले जानकारी दिनुभयो।

समितिमा ११ सदस्य रहनेछन् । सत्ता गठबन्धनमा रहेका दलबाट दुई-दुई जना र सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की सदस्य रहने निर्णय भएको उहाँले जानकारी दिनुभयो। नेता श्रेष्ठका अनुसार हरेक पार्टीले दुई-दुई महिना समितिको नेतृत्व गर्नेछन्। पहिलो संयोजन नेपाली कांग्रेसले गर्नेछ। कांग्रेसका तर्फबाट वरिष्ठ नेता रामचन्द्र पौडेलले संयोजन गर्ने उहाँले जानकारी दिनुभयो। हरेक बैठकमा प्रधानमन्त्री सहभागी हुने उहाँको भनाइ छ। समिति गठनको उद्देश्यबारे प्रस्ट पार्दै उहाँले भन्नुभयो, 'गठबन्धनलाई प्रभावकारी ढंगले सञ्चालन गर्ने, सरकार सञ्चालनमा सहयोग पुऱ्याउने तर सरकार सञ्चालन गर्ने संयन्त्र होइन, दलहरूको समन्वय समिति मात्र हो।'

राष्ट्रियताको रक्षा, संविधान र लोकतन्त्रको रक्ष, संस्थागत सुदृढीकरण, सुरक्षा, सुशासन, सेवा र विकास एवं निर्वाचन सफलतापूर्वक सम्पन्न गर्ने लक्ष्यका साथ समिति गठन गरिएको उहाँले बताउनुभयो। गठबन्धन बैठकमा आसन्न राष्ट्रियसभा बैठकमा मिलेर जाने सहमति भएको नेता श्रेष्ठले बताउनुभयो। न्यायालयमा देखिएको गतिरोध र विभिन्न देशमा रिक्त राजदूत नियुक्तिका विषयमा कुनै छलफल नभएको उहाँले जानकारी दिनुभयो।

## पूर्ण असक्त भएकाहरुको स्वास्थ्य बिमा गराउन पहल गर्छौं: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ कार्तिक**

गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले प्रदेशमा रहेका पूर्ण असक्त भएकाहरुको यसै बर्ष निशुल्कः स्वास्थ्य बिमा गराउन बिषेश पहल गर्ने बताउनु भएको छ।

अपाङ्गता भएका व्यक्तिहरुको हकहितमा काम गर्ने सरोकारवाला केही संघ संस्थाका पदाधिकारीहरुसंग सोमबार भएको छलफल कार्यक्रममा मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो । प्रदेशमा रहेका पूर्ण असक्त भएकाको पहिलो चरणमा निशुल्क बिमा गराउने प्रदेश सरकारको योजना अनुरुप सरोकार पक्षसंग प्रारम्भिक चरणमा छलफल गरिएको मन्त्री बरालले बताउनु भयो । पूर्ण असक्त भएकाहरुको सहयोगी समेत आवश्यक भएकोले उपचार गर्न घर परिवारलाई थप आर्थिक



भार हुने हुदा उनीहरुको घर परिवारलाई थोरैभए पनि राहत उपलब्ध गराउने उद्देश्यले यसै बर्षदेखि लागु हुने गरी स्वास्थ्य बिमा कार्यक्रमलाई अघि बढाउने लक्ष्य रहेको उहाँको भनाई थियो।

प्रदेशमा रहेका करिब २ हजार जना पूर्ण असक्त व्यक्तिहरुको स्वास्थ्य बिमा गराउन सरकारले सरोकारवालाहरुले दिएको सुझाव अनुरुप प्रारम्भिक चरणमा प्रदेशबाट अपाङ्गता भएकाहरुको तथ्याङ्क समेत संकलन गर्ने योजना रहेको मन्त्री बरालले जनाउनु भयो । राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशका अध्यक्ष खोमराज सुवेदी सहितको टोलीले मन्त्री बराल समक्ष स्वास्थ्य बिमा कार्यक्रम सहित प्रदेशमा रहेका पूर्ण असक्त भएकाहरुको तथ्याङ्क संकलन गर्न समेत सहयोग गर्ने बताउनु भयो। स्वास्थ्य बिमामा फिजियो थेरापी, हेमोफेविया लगायतका रोगहरुको उपचार र उपचार सहज तथा सरल, धेरै प्रकारका औषधि उपब्ध गराउनुपर्ने सहभागिहरुले माग गरे। कार्यक्रममा महासंघका केन्द्रिय सदस्य अन्जना केसी, प्रदेश उपाध्यक्ष प्रमिला थकाली, श्रवण दृष्टिबिहिन संघ नेपालका अध्यक्ष पुष्पराज रिमाल, सृजनशिल अपाङ्ग समाज केन्द्रका अध्यक्ष फडिन्द्र प्रसाद पौडेल लगायतले अपाङ्गता भएकाहरुको सहयोगीहरुको लागि समेत राज्यले बिषेश व्यबस्था गनुपर्ने बताउनु भयो।

## मेरो गणना : मेरो सहभागिता : राष्ट्रिय जनगणना २०७८ को तयारी पूरा

**रासस**
**काठमाडौं, २२ कार्तिक**

केन्द्रीय तथ्याङ्क विभागले हरेक नागरिकको घर-घरमा पुग्ने गरी राष्ट्रिय जनगणना २०७८ को तयारी पूरा गरेको छ।

यही कात्तिक २५ गतेदेखि आउँदो मङ्सिर ९ गतेसम्म हुने गणनाका लागि ४० हजार गणक र आठ हजार १६ जना सुपरीवेक्षकलाई तालिम दिइसकिइएको छ । सामाजिक, आर्थिक, भौगोलिक, भौतिक पूर्वाधार र अन्य पक्ष समेटिने गणनाका लागि केन्द्रदेखि वडास्तरसम्मका समन्वय संरचना तयार गरिएको छ।

यसपटक घर तथा घरपरिवार लगत सूचीकरणका लागि २५, मुख्य ५५ र पहिलो पटक सामुदायिक प्रश्नावलीसहित ८० वटा प्रश्न समवेश गरिएको छ। विभागले घर तथा घरपरिवार लगत सूचीकरण कार्य सम्पन्न गरेको छ । एक गणकले करिब एक सय पचास घरसम्म पुग्नुपर्ने दायित्व दिइएको विभागले जनाएको छ । जो मानिस जहाँ बढी (अक्सर) बसोबास गर्छ, त्यहीबाट उसको गणना हुनेछ।

राष्ट्रिय योजना आयोग मातहतको सो विभागका महानिर्देशक नेबिनलाल श्रेष्ठ संविधानमा विभिन्न जाति, भाषा, लिङ्ग, धर्म, वर्ग, क्षेत्र, अपाङ्गता भएका लगायत सबै पक्षको अधिकार सुनिश्चित गरिएकाले जनगणनाले त्यसै प्रकारको तथ्याङ्क ल्याउन तयारी पूरा भएको जनाउनुभयो।

काठमाडौँलगायत सहरी क्षेत्रमा गणनाको कार्य चुनौतीपूर्ण हुने भएकाले त्यसमा सबैको सहयोग गर्न आग्रह गर्दै उहाँले मागेको तथ्याङ्क नदिने कार्य कानूनविपरीत हुने भएकाले त्यसतर्फ पनि सचेत गराउनुभयो। गणनाका विवरण गोप्य हुने जनाउँदै महानिर्देशक श्रेष्ठले जनगणना सम्पन्न भएपछि राष्ट्रिय कृषि गणना गरिने जनाउनुभयो । नयाँ संविधानपछिको पहिलो जनगणना हुन लागेको भए पनि तथ्याङ्क ऐन २०१५ भने हालसम्म पुरानै कायम रहेको छ।

यो जनगणनाले दिगो विकास लक्ष्य, समृद्धि र सुशासनका आधारका लागि खण्डीकृत तथ्याङ्क तयार गर्नेछ। संविधानमा राष्ट्रिय जनगणनाको तथ्याङ्कलाई विकास निर्माणसँग जोड्नुपर्ने व्यवस्था गरिएको छ । विभागले मुख्य प्रश्नावलीमा आर्थिक काम, पेशा, वस्तु वा सेवाको उत्पादन अनुसारको विवरण, परिवारमा खानेपानी, इन्धन, सञ्चारसाधन, महिलाका नाममा सम्पति, घरेलु व्यवसाय, मातृमुत्यु दरको आँकलन, विदेशमा रहेका व्यक्ति आदिबारे सोध्ने गरी प्रबन्ध गरेको छ।

जनगणना सकिएको तीन महिनामा प्रारम्भिक नतिजा आउनेछ । विभागका निर्देशक ढुण्डिराज लामिछाने संविधानमा स्थानीय तहले सबै मन्त्रालयसँग सम्बन्धित कामको अभ्याससमेत गर्ने व्यवस्था गरिएकाले तथ्याङ्क व्यवस्थापनका सन्दर्भमा विकासका लागि विविधतायुक्त तथ्याङ्कलाई स्वचालित सूचना प्रणालीमा अद्यावधिक गराउनु स्थानीय तहको पनि दायित्व भएको बताउनुभयो । उहाँले पहिलो पटक देशभरकै घर तथा संरचनाको तथ्याङ्क सूचीकरण हुन लागेकाले भूकम्पलगायत विपद्का अवस्थामा राहत, पुनःस्थापना र पुनःनिर्माणका लागि योजना बनाउन सघाउने बताउनुभयो । राष्ट्रिय जनगणना २०७८ का सन्दर्भमा मिडिया एक्सन नेपाल (म्यान) ले आज आयोजना गरेको सञ्चार अभिमुखीकरण कार्यक्रममा युएनएफपिए नेपाल कार्यालयका अधिकृत इञ्चार्ज डा हसिना बेगमले कोभिड- १९ को चुनौतीका बीच जनगणना हुने तयारी भएकाले यस विषयसँग सम्बन्धित मुद्दालाई सञ्चारमाध्यमले उचित स्थान दिने विश्वास व्यक्त गर्नुभयो । नेपाल पत्रकार महासङ्घका वरिष्ठ उपाध्यक्ष रमेश विष्टले राज्यले अघि बढाएका महत्वपूर्ण कार्यक्रममा नागरिकलाई सहभागी गराउन सञ्चार क्षेत्रले प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्नुपर्ने बताउँदै जनगणनालाई दायित्वका रुपमा लिएर अभियानकै रुपमा सही तथ्याङ्क सङ्कलनका लागि सम्बन्धित निकायलाई खबरदारी गर्न आग्रह गर्नुभयो।

वरिष्ठ पत्रकार ध्रुवहरि अधिकारीले सत्यतथ्यका आधारमा पत्रकारले जनतालाई सूसुचित गराउनुपर्ने बताउनुभयो । वरिष्ठ पत्रकार नम्रता शर्माले खोजी पत्रकारिताकोसमेतप्रयोगबाटजनगणना जस्ता विषयलाई यथार्थपरकरुपमा सम्पन्न गराउन पत्रकारिताले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने बताउनुभयो । म्यानका अध्यक्ष लक्ष्मणदत्त पन्तले जनगणनाको पूर्वसन्ध्यामा सातै प्रदेशका करिब दुई सय पत्रकारलाई विषयवस्तुमा अभिमुखीकरण गराइएको जानकारी दिनुभयो।

नेपालमा हरेक १०/१० वर्षमा एक पटक राष्ट्रिय जनगणना हुने गरेको छ। मुलुकमा पहिलो जनगणना एक सय ९ वर्षअघि विसं १९६८ मा चन्द्रशम्शेर राणा प्रधानमन्त्री भएका बेला थालनी भएको थियो।

## एमालेको महाधिवेशनमा चैतसम्म सदस्यता लिएका मात्र प्रतिनिधि हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ कार्तिक**

नेकपा (एमाले)को आगामी दशौँ राष्ट्रिय महाधिवेशन प्रतिनिधि २०७७ चैतसम्म पार्टी सदस्यता लिएका सङ्गठित सदस्यमात्र सहभागी हुने भएका छन्।

पार्टी अध्यक्ष केपी शर्मा ओलीले जारी गर्नुभएको अन्तरपार्टी निर्देशन-१४ मा २०७७ चैत मसान्तसम्म पार्टी सदस्य भएका सङ्गठति सदस्यले मात्र महाधिवेशन प्रतिनिधि हुन पाउने व्यवस्था गरिएको छ । ती प्रतिनिधिले महाधिवेशनमा मतदान गर्न पाउनेछन् । एमालेका केन्द्रीय कार्यालय सचिव शेरबहादुर तामाङका अनुसार चैतसम्ममा सात लाख ३८ हजार पार्टी सङ्गठित सदस्य रहेका थिए। अहिले नौ लाख सङ्गठित सदस्य पुगेको उहाँको भनाइ रहेको छ।

महाधिवेशनमा एक हजार ९९९ जना प्रतिनिधि सहभागी हुनेछन्। एमालेलेमहाधिवेशनमाप्रतिनिधिसभा निर्वाचन क्षेत्रअन्तर्गत एक हजार २०० पार्टी सदस्यबाट कम्तीमा एक महिलासहित तीन जनाका दरले प्रतिनिधि, त्यसपछि ८०० सम्मले थप एक/एक जना प्रतिनिधि निर्वाचित गर्नेछ । जनवर्गीय सङ्गठनबाट पाँच जनाका दरले महाधिवेशन प्रतिनिधि हुनेछन्।

एमालेले यही कात्तिक २७ गते देशभर एकैसाथ प्रतिनिधि चयन गर्दै छ । प्रतिनिधि चयन गरिसकेपछि कात्तिक ३० गतेसम्म केन्द्रीय सङ्गठन विभागमा पठाउन निर्देशन दिइएको छ । एमाले महाधिवेशन मङ्सिर १० देखि १२ गतेसम्म चितवनमा हुने भएको छ। महाधिवेशनका लागि रामबहादुर थापाको संयोजकत्वमा मूल व्यवस्थापन समिति गठन गरिएको छ।

## मुख्यमन्त्री पाण्डेले पाए विश्वासको मत

**रासस**
**काठमाडौं, २२ कार्तिक**

वाग्मती प्रदेशसभाको सोमबार अपराह्न बसेको बैठकमा गठबन्धन सरकारका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले राख्नुभएको विश्वासको मतसम्बन्धी प्रस्तावलाई बहुमतले पारित गरेको छ।

उक्त बैठकमा पक्षमा ५९ मत प्राप्त भएको प्रदेशसभा सचिवालयले जनाएको छ । विपक्षमा नेकपा (एमाले) को ४३ र साझा विवेकशील पार्टीको तीन मत परेको छ। नेपाल मजदुर किसान पार्टीले सो प्रस्तावमा तटस्थ रहने घोषणा गरेको थियो।

यसैगरी, राप्रपाको सांसदहरू अनुपस्थित रहनुभएको थियो । वाग्मती प्रदेशसभाका सभामुख सानुकुमार श्रेष्ठले




प्रदेशसभाको अर्को बैठक सूचना जारी नभएसम्मका लागि स्थगित भएको जानकारी दिनुभयो।

तत्कालीन मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले गत कात्तिक १० गते मुख्यमन्त्री पदबाट राजीनामा दिएपछि उक्त पदमा राजेन्द्र पाण्डे नियुक्त हुनुभएको हो। वाग्मती प्रदेशसभामा हाल १०९ जना प्रदेशसभाका सदस्यहरू हुनुहुन्छ। आजको बैठकमा जम्मा १०४ जना प्रदेशसभा सांसदहरू उपस्थित हुनुहुन्थ्यो। पाण्डेले फजुल खर्च घटाउनेतर्फ आफुले ध्यान दिने बताउनुभएको छ। बैठकमा उहाँले विश्वासको मत लिन प्रस्ताव प्रस्तुत गर्ने क्रममा अनावश्यक प्रशासनिक खर्च घटाएर जनताको आर्थिक अवस्थामा सुधार हुने कार्यक्रम ल्याइने बताउनुभयो । बैठकमा प्रदेशसभा सदस्यहरुले उठाउनुभएको जिज्ञासाको जवाफ दिँदै मुख्यमन्त्री पाण्डेले मौजुदा संविधान, सङ्घीयता र प्रजातन्त्रको संवर्द्धनका लागि गठबन्धनको सरकार अपरिहार्य रहेको स्पष्ट पार्नुभयो । सरकारले विभिन्न जिल्लामा पारदर्शी र निष्पक्षका साथ विकासका पूर्वाधारका लागि योजना र बजेट बाँडफाँड गरिने बताउनुभयो । मुख्यमन्त्री पाण्डेले भ्रष्टाचार नियन्त्रण गरी प्रदेशमा सुशासन कायम गरिने उल्लेख गर्नुभयो।

गठबन्धन दलका तर्फबाट नेकपा (माओवादी केन्द्र) का संसदीय दलका नेता शालिकराम जम्मकट्टेल र नेपाली कांग्रेस संसदीय दलका नेता इन्द्रबहादुर बानियाँले संविधान, संसदीय प्रजातन्त्र र सङ्घीयतालाई जीवन्त पार्न गठबन्धन दलबीच सहमति आवश्यक भएको धारणा राख्नुभएको थियो।

बैठकमा प्रमुख प्रतिपक्ष नेकपा एमाले संसदीय दलका प्रमुख सचेतक दीपक निरौलाले मौजुदा सरकारले प्रदेशको विभिन्न जिल्लाका जनतालाई प्रभाव पार्ने नीति कार्यक्रम, आर्थिक योजना र आर्थिक मितव्ययिता ल्याउने कार्यक्रम स्पष्ट नभएको आरोप लगाउनुभएको थियो।



# व्यासको आन्तरिक आम्दानी १५ करोड

**पोखरापत्र संवाददाता**
**दमौली, २२ कार्तिक**

तनहुँको व्यास नगरपालिकाले रु १५ करोड भन्दा बढी आन्तरिक आम्दानी गरेको छ। नगरपालिकाले आर्थिक वर्ष २०७७/७८ मा रु १५ करोड चार लाख १७ हजार ७१० आन्तरिक आम्दानी गरेको हो। उक्त अवधिमा रु २० करोड ४७ लाख आन्तरिक आम्दानी गर्ने लक्ष्य भए पनि कोरोना कहरका कारण लक्ष्य अनुसारको आन्तरिक आम्दानी हुन नसकेको व्यास नगरपालिकाका प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिनुभयो। व्यास नगरपालिका जिल्लाका स्थानीय तहमध्ये सबैभन्दा बढी आन्तरिक आम्दानी गर्ने पालिका हो। नगरपालिकाले सम्पत्ति, मालपोत, घरबहाल कर, प्राकृतिक स्रोतसाधन लगायतबाट आन्तरिक आय सङ्कलन गर्दै आएको छ। नगरपालिकाले सबैभन्दा बढी प्राकृतिक स्रोतसाधनबाट रु पाँच करोड २५ लाख ३७ हजार ४० सङ्कलन गरेको छ। नगरपालिकाले प्राकृतिक स्रोतसाधनबाट रु नौ करोड ८० लाख आन्तरिक आय हुने लक्ष्य राखेको थियो।

सम्पत्तिकर रु एक करोड १४ लाख २० हजार ७८४, मालपोतबाट रु ५३ लाख ४६ हजार ९२७, घरबहालबाट रु ७५ लाख ९६ हजार ४२५, घरभाडा करबाट रु एक करोड ६५ लाख ९८ हजार ६२२, मेसिनरी उपकरणबाट रु ५९ हजार ३००, लिलाम बिक्रीबाट रु २४ हजार, मिलापत्रबाट रु २२ हजार ५२०, सिफारिसबाट रु एक करोड २८ लाख पाँच हजार दुई २१६, विविध फारमबाट रु दश लाख दुई हजार ७८१, अन्य प्रशासनिक सेवाबाट रु ६८ लाख ३७ हजार ६३७, सवारी पार्किङबाट रु आठ लाख १७ हजार ९० सङ्कलन गरेको छ। घर नक्सा पासबाट रु एक करोड ४१ लाख ५२ हजार २३०, नाता प्रमाणितबाट रु दुई लाख ६७ हजार ७३५, अन्य विविधबाट रु चार लाख ८६ हजार १२० र दर्ता र नवीकरणबाट रु १९ लाख ३३ हजार एक सय सङ्कलन भएको छ। त्यस्तै दण्डजरीवानाबाट रु छ लाख १५ हजार एक सय ४१, धरौटी सदरस्यबाट रु १६ लाख ३४ हजार ६१९, सरसफाइबाट रु ६५ लाख ७३ हजार ४८९, स्थानीय वातावरण शुल्कबाट रु ७६ लाख ५९ हजार २३७, व्यवसाय करबाट रु १८ लाख ९८ हजार १०२ सङ्कलन भएको छ। नगरपालिकाले सम्पत्ति करमा लक्ष्यभन्दा बढी राजश्व सङ्कलन गर्न सफल भएको छ। सम्पत्ति करबाट रु एक करोड ११ लाख सङ्कलन गर्ने लक्ष्य रहेकामा रु चार लाख २० हजार ७८४ बढी सङ्कलन भएको छ। मालपोत करबाट रु ५० लाख सङ्कलन गर्ने लक्ष्य रहेकामा रु तीन लाख ४६ हजार ९२७ बढी सङ्कलन भएको छ। घरबहाल करमा भने लक्ष्यभन्दा कम सङ्कलन भएको छ। रु एक करोड ५० लाख सङ्कलनको लक्ष्य रहेकामा रु ७४ लाख तीन हजार ५७५ कम सङ्कलन भएको छ। प्राकृतिक स्रोतसाधनबाट पनि लक्ष्यभन्दा कम राजश्व सङ्कलन भएको छ। रु नौ करोड ८० लाख सङ्कलनको लक्ष्य रहेकामा रु चार करोड ५४ लाख ६२ हजार ९६० कम राजस्व सङ्कलन भएको छ। सिफारिसबाट रु एक करोड सङ्कलनको लक्ष्य रहेकामा रु २८ लाख पाँच हजार २१६ बढी सङ्कलन भएको छ। अन्य प्रशासनिक सेवाबाट रु ३३ लाख सङ्कलनको लक्ष्य रहेकामा रु ३५ लाख ३७ हजार ६३७ बढी सङ्कलन भएको नगरपालिकाले जनाएको छ। सरसफाइतर्फ र ५० लाखको लक्ष्य रहेकामा रु १५ लाख ७३ हजार ४८९ बढी सङ्कलन भएको छ भने स्थानीय वातावरणतर्फ रु एक करोडको लक्ष्य रहेकामा रु २३ लाख ४० हजार ७२७ कम सङ्कलन भएको छ।

# चौथो डायमण्ड रनिङशिल्ड शुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ कार्तिक**

कास्कीको पोखरा महानगरपालिका वडा नं. २७ तालचोकमा रहेको डायमण्ड माध्यमिक विद्यालयमा चौथो डायमण्ड रनिङशिल्ड खेलकुद प्रतियोगिता शुरु भएको छ।

विद्यार्थीहरुलाई पढाइको साथसाथै खेलकुदका माध्यमले पनि अगाडि बढाउने उद्देस्यले खेलकुद प्रतियोगिता संचालन गरिएको विद्यालयका निर्देशक माधवशरण उपाध्यायले बताउनु भएको छ। कक्षा नर्सरीदेखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरुका बिच बिभिन्न विधामा खेलकुद गरिदै आएको र यस वर्ष पनि सोहि कार्यलाई जारी राख्यको विद्यालयका खेलकुद शिक्षक विनोद थापाले जानकारी दिनुभएको छ।



कार्यक्रममा विद्यालयका संस्थापक प्रिन्सिपल यमबहादुर रोका, व्यवस्थापक प्रमुख हरिप्रसाद लामिछाने, शैक्षिक विभाग प्रमुख संजिव थापा लगायतले खेलाडी विद्यार्थीलाई खेलमा उत्कृष्टता देखाउन शुभकामना दिनुभएको थियो। खेलकुदको पहिलो दिन कक्षा नर्सरी देखि कक्षा ५ सम्म अध्ययन गर्ने विद्यार्थीहरु विच बिभिन्न विधामा खेलकुद शुरु गरिएको छ। बेलुन फुटाउने, चम्चा दौड, खुल्ला दौड तथा कक्षा ४ र ५ छात्रा बिच खुला दौड सम्पन्न भएको छ भने छात्र विच भएको फुटबल प्रतियोगितामा कक्षा ५ बि ले कक्षा ४ ए लाई ० का बिरुद्ध ६ गोल गर्दौ प्रथम हुन सफल भएको विद्यालयका संयोजक दिनेश शर्माले जानकारी दिनुभएको छ। खेलकुद अन्तर्गत फुटबल, क्रिकेट, भलिवल, टेबलटेनिस लगायतका खेल खेलाईर्ने विद्यालयमा अतिरिक्त क्रियाकलाप प्रमुख विकास लामिछानेले जानकारी दिनुभएको छ। खेलकुद प्रतियोगिता यहि कार्तिक २६ गतेसम्म संचालन हुने बताईएको छ।

# 'जनताको मन जित्न काम गर्नुपर्छ'

**पोखरापत्र संवाददाता**
**तनहुँ, २२ कार्तिक**

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले जनताको मन जित्न राम्रो काम गर्नुपर्ने बताउनुभएको छ। तनहुँको व्यास नगरपालिका-११ मा सोमबार आयोजित स्वागत एवं सम्मान कार्यक्रममा मन्त्री श्रेष्ठले जसले राम्रो काम गर्छ जनताले उसैलाई निर्वाचित गराउने विश्वास व्यक्त गर्नुभयो।

जनताको मन जितेरै आज आफू प्रतिनिधिसभा सदस्य र मन्त्री बनेको बताउँदै श्रेष्ठले भन्नुभयो, 'जनताका सामु राम्रो काम गर्नुपर्छ, जनताको मन जित्नुपर्छ, त्यसो भयो भने पाँच वर्षपछि पुनः सांसदमा निर्वाचित हुन सकिन्छ।' श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले तनहुँको दुई आमा समूहलाई तलब भत्ता बापतको रकम प्रदान गर्नुभएको छ। मन्त्री श्रेष्ठले व्यास नगरपालिका-११ स्थित मिलनशील आमा समूह र डाँडागाउँ आमा समूहलाई रु ५०/५० हजार हस्तान्तरण गर्नुभएको हो। सोमबार आयोजित कार्यक्रममा मन्त्री श्रेष्ठले दुवै आमा समूहका अध्यक्षलाई उक्त रकम प्रदान गर्नुभएको छ। तनहुँ क्षेत्र नम्बर १ को प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएदेखि नै श्रेष्ठले तलबभत्ता बापतको रकम विभिन्न सङ्घसंस्थालाई सहयोग गर्दै आउनुभएको छ। 'निर्वाचनमा उम्मेदवार हुँदा नै मैले तलब भत्ता लिन्न भनेर घोषणा गरेको थिएँ, सोही घोषणा बमोजिम मैले तलब भत्ता सहयोग गर्दै आएको छु', मन्त्री श्रेष्ठले भन्नुभयो। मन्त्री श्रेष्ठले आमा समूहका लागि थप रकम सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।



# केराको एउटै बोटले व्यवसायी बन्न प्रेरणा दियो भट्टराईलाई

**पोखरापत्र संवाददाता**
**वालिङ, २२ कार्तिक**

स्याङ्जाको गल्याङ नगरपालिका-११ शिखरडाँडाका लेखनाथ भट्टराईले आफन्तकोबाट एउटा केराको बोट घरमा ल्याएर लगाउनुभयो। बारीमा लगाएको एउटै बोटले राम्रो फल दिनका साथै अन्य बिरुवा पनि उत्पादन गर्न सहज भएको देखेपछि त्यसलाई आम्दानीको मुख्य स्रोत बनाउने निधो गर्नुभयो।

गल्याङ- ११ दिमिकस्थित आफ्नै खेतमा परीक्षणका लागि लगाएको थप केराका बोटबाट राम्रैसँग उत्पादन दिन थालेकाले आठ वर्षअघि 'आनन्द कृषि तथा पशुपालन फर्म' दर्ता गर्नुभएको थियो। जग्गा जमिन भएर पनि सही सदुपयोग गर्न नसकिरहेका बेला त्यो एउटै बोटको केराले आफूलाई व्यवसायी बन्ने प्रेरणा मिलेको उहाँले बताउनुभयो।

"जग्गा जमिन भए पनि त्यसको सही सदुपयोग गर्न सकिरहेका थिएनौं" भट्टराईले भन्नुभयो, "धान, गहुँ, मकैलगायत बालीबाट भन्दा केराबाट राम्रो आम्दानी गर्न सकिने ठानेर केरा खेतीलाई व्यावसायिकरुपमा अगाडि बढाएको हुँ।" सुरुका वर्षमा झण्डै रु चार लाखको लगानीमा केरा खेती सुरु गर्नुभएका उहाँले दोस्रो वर्षदेखि वार्षिक रु छ लाखभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ। केरा खेती नै भट्टराईको अहिलेको मुख्य आम्दानीको स्रोत बनेको छ। "केरा जति मात्रामा उत्पादन भएपनि बजारीकरणका लागि अहिलेसम्म कुनै समस्या छैन" उहाँले भन्नुभयो, "यहाँ उत्पादन भएको केरा नजिकैको गल्याङ बजारमा खपत हुँदै आएको छ।" भट्टराईको फर्मअन्तर्गत अहिले 'झापाली मालभोग' 'विलियम हाईब्रेड' र 'जी नाईन' जातका पन्ध्र सयभन्दा बढी केराका बोट छन्। व्यावसायिक हिसाबले ठूलो मात्रामा केराखेती गर्नुभएका उहाँको फर्ममा केरा खेतीकाबारेमा चासो दिनेहरू अध्ययन अवलोकनका लागि आउने गरेका छन्। यहाँ आएर हेरेर, बुझेर फर्किएसँगै आ-आफ्नो ठाउँमा फर्केर व्यावसायिकरूपले केराखेती थाल्नेहरू प्रशस्तै रहेका उहाँले जानकारी दिनुभयो। केराखेती थालेपछि आफूसहित स्थानीयवासीले पनि रोजगारी पाएको भट्टराईले जानकारी दिनुभयो।

# धर्मशिला बुद्धि बिहारमा महापरित्राण समारोह हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ कार्तिक**

धर्मशिला बुद्ध विहार, नदिपुरको आयोजनामा २०७८ कार्तिक २५ र २६ गते महा परित्राण साथै कार्तिक २७ गते महान कथिन चिवर दान कार्यक्रम सम्पन्न हुन गैरहेको छ।

पोखरमा धर्मशिला बद्ध विहारको आयोजनामा तेस्रो पटक यो महापरित्राण हुन गइरहेको हो। यस भन्दा पहिले २०२९ सालमा पहिलो पटक र २०४४ सालमा दोस्रो पटक भएको थियो। करिब ३४ वर्ष पश्चात आयोजित यस महा परित्राणमा भगवान बुद्धको पवित्र अस्थिधातुको प्रर्दशन हने सोमबार विहारमा भएको पत्रकार सम्मेलनमा जानकारी दिइएको हो। महा परित्राणको मुख्य उद्देश्य दिवंगत हुनु भएका प्रति गुणानुस्मरण, रोग ब्याधिले ग्रसित प्रति निरोगी सुस्वस्थ र दीर्घायुको कामना गरिने भिक्षुधजवन्तोले बताए।



घरमा प्रतिस्थापन नगरिएका बुद्धका मूर्तिको प्रतिस्थापन र निर्माणधिन धर्मशिला बुद्ध विहारको नक्सा प्रर्दशन रहेको छ। यसरी हुन गइरहेको यस धार्मिक कार्यक्रममा दाताको रुपमा अफ्नो सहभागिता जनाई पुण्य लाभ गर्न हुन विहारले उपासक उपासिकाहरुमा हार्दिक अव्हान गरेको छ।

# थप ३९० जनामा कोरोना सङ्क्रमण पुष्टि

**रासस**
**काठमाडौं, २२ कार्तिक**

देशभर पछिल्लो २४ घण्टामा थप ३९० जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ।


स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय पाँच हजार २६ जनाको परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो। योसँगै नेपालमा पिसिआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या आठ लाख १४ हजार ९२९ पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या ९४ हजार ८३६ रहेको छ। पछिल्लो समय थप ४२५ जना कोरोनाबाट निको भएका छन्। योसँगै निको हुनेको सङ्ख्या सात लाख ९५ हजार ८२२ पुगेको छ। निको हुने दर ९७ दशमलव ७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। पछिल्लो २४ घण्टामा थप पाँच जनाले कोरोनाबाट ज्यान गुमाएका छन्। योसँगै कोरोनाबाट हालसम्म मृत्यु हुनेको सङ्ख्या ११ हजार ४५३ पुगेको मन्त्रालयले जनाएको छ। कोरोनाबाट हुने मृत्युदर १.४ प्रतिशत रहेको छ। हाल देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या सात हजार ६५४ रहेको छ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## राष्ट्रिय जनगणना २०७८
## मेरो गणना-मेरो सहभागिता

आगामी कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म जनगणना गर्न सबैको घरमा गणकहरु आउदै हुनुहुन्छ। जनगणनाको पहिलो चरणको सुचीकरण अभियानमा समावेश भएका वा छुटेका सबै परिवारले गणकहरुलाई आ-आफ्नो विवरण लेखाऔं।

जनगणनाबाट प्राप्त तथ्याङ्कले संविधानमा व्यवस्था भएका मौलिक हक अधिकार कार्यान्वयनको मूल्याङ्कन गर्न र लोककल्याणकारी कार्यक्रम सञ्चालन गर्न मद्दत पुग्दछ।

**गणना गर्ने अवधिः कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो। - लियो टोल्सटोय

## सम्पादकीय

# ब्युँतियो राजनीतिक संयन्त्र

सर्वोच्च अदालतका प्रधानन्यायाधीश खिलराज रेग्मी सरकार प्रमुख भएको बेलाको जस्तै पाँच दलीय सत्ता गठबन्धनको बैठकले राजनीतिक संयन्त्र बनाउने निर्णय गरेको छ। माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको पहलमा नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलको नेतृत्वमा ११ सदस्यीय राजनीतिक संयन्त्र गठन गर्ने निर्णय भएको छासरकारको काम कारबाहीलाई प्रभावकारी बनाउन सत्ता गठबन्धनले संयन्त्र गठन गर्ने निर्णय गरेको हो।

सरकारको कामलाई लगाम लगाउन संयन्त्र बनाएर समानान्तर सरकार चलाउने अभ्यास हो । मन्त्रीले सहीछाप लगाउने, निर्णय संयन्त्रले गर्ने पुरानो शैली हो। संयन्त्रमा सत्ता गठबन्धनमा रहेका ५ वटा पार्टीमा २-२ जना सदस्य रहनेछन् । मन्त्रिपरिषद्बाट सञ्चार मन्त्री ज्ञानेन्द्र कार्की पनि संयन्त्रका सदस्य रहनेछन्। संयन्त्रका पदेन सदस्य नरहे पनि प्रधानमन्त्री भने संयन्त्रको बैठकमा सहभागी हुने छन।शुरुको दुई महिना काङ्ग्रेस बरिस्ठ नेता रामचन्द्र पौडेलले संयन्त्रको नेतृत्व गर्नेछन् भने त्यसपछि आलोपालोमा गठबन्धनमा आबद्ध पार्टीले त्यसको नेतृत्व गर्नेछन् । काङ्ग्रेसको महाधिवेशन यही बेला हुने र नेताहरू ब्यस्त रहनेछन् । काङ्ग्रेसको पालो सकिए पछि मात्र संयन्त्रलाई सकृय बनाउने अवस्था आउन सक्छ । संयन्त्रमा नेपाली काँग्रेसको तर्फबाट पौडेल र कृष्ण सिटौला, माओवादीको तर्फबाट पुष्पकमल दाहाल 'प्रचण्ड' र नारायणकाजी श्रेष्ठ, नेकपा (एकीकृत समाजवादी) को तर्फबाट माधव नेपाल र नाम दिन बाँकी एक जना, जसपाको तर्फबाट उपेन्द्र यादव र नाम दिन बाँकी एक जना, राष्ट्रिय जनमोर्चाबाट चित्रबहादुर केसी र दुर्गा पौडेल सदस्य रहनेछन्।

संयन्त्रलाई सरकारका काम कारबाहीमा समन्वय गर्ने, गठबन्धनबीच अन्तर्विरोध भए निवारण गर्ने, राष्ट्रिय सभा र उपनिर्वाचनको तालमेलबारे सहजीकरण गर्ने जिम्मेवारी दिइएको छ। राष्ट्रिय सभा सदस्यको निर्वाचन र प्रतिनिधि सभा र प्रदेश सभाका रिक्त सदस्यको उपनिर्वाचनमा गठबन्धन दलबीच मिलेर चुनाव लड्न संयन्त्रले काम गर्नेछ ।नेकपा एमाले विरुद्ध मिलेर जान गठबन्धनलाई सजिलो बनाउने काम संयन्त्रले गर्नेछ ।राष्ट्रिय सभाको सदस्यमा गठबन्धनलाई कायम राख्न सकेमा काङ्ग्रेसले फाइदा लिन सक्छ।

# विपरीत गुणका सूर्य र पानीको आराधना गरिने पर्व छठ

–पूर्णप्रसाद मिश्र
काठमाडौं, २२ कार्तिक (रासस)

विपरीत गुणका सूर्य र पानीको पूजा आराधना गरी मनाइने चार दिने छठ पर्व सुरु भएको छ। मानव जीवनका लागि अत्यावश्यक नदी र सूर्यदेवको श्रद्धा भक्तिपूर्वक आराधना र पूजा गरी मनाइने छठ सोमबार बिहान स्नान गरेसँगै सुरु भएको हो।

कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म चार दिन मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको पर्व आज स्नान गरी चोखो खाएर बसिन्छ। कार्तिक शुक्ल चतुर्थीका दिन आज बिहान व्रतालुले स्नान गरेसँगै यो पर्वको विधि सुरु हुन्छ। चतुर्थीको कर्मलाई अरबाइन वा अरबा भनिन्छ। यस दिनदेखि छठ पर्व नसकिएसम्म व्रतालुले माछा, मासु, लसुन, कोदो, फापर, मुसुरो, आदि नखाने विधि छ। केही व्रतालुले भने कोजाग्रत पूर्णिमाको भोलिपल्ट अर्थात् कार्तिक कृष्ण प्रतिपदादेखि नै तामसी खाद्य परिकार नखाई शुद्ध खानपीन गर्छन्।

मनोकाङ्क्षा पूरा हुने विश्वासमा विशेषगरी महिलाले छठमा कठोर व्रत गर्छन् । तराईमा उत्साहका साथ मनाइने मिथिला संस्कृतिमा आधारित छठ पर्व विसं २०४६ पछि काठमाडौँलगायत पहाडमा मनाउन थालिएको हो । सूर्य उपासनाको पर्व भएकाले पहाडी समुदाय पनि यसप्रति आकर्षित भएका छन् । विसं २०६३ पछि भने काठमाडौँको थापाथली, गुह्येश्वरी, गौरीघाट र रानीपोखरीमा पनि विशेष महत्व एवं साज सज्जाका साथ यो पर्व मनाउन थालिएको हो।

यसअघिदेखि नै वाग्मती र विष्णुमती नदी किनारमा छठ मनाउने संस्कृति सुरु भएको थियो। कार्तिक शुक्ल चतुर्थीका दिन छठ स्थलमा सरसफाइ एवं स्नान गरेका व्रतालु पञ्चमीका दिनमा निर्जल उपवास बस्छन् । यस दिन बेलुकी घरमा खीर बनाई चन्द्रमालाई अर्पण गरी एक छाक खाने गरिन्छ। यसलाई खरना भन्ने गरिएको काठमाडौँमा छठ मनाउँदै आउनुभएका गुह्येश्वरी गौरीघाट छठ पूजा समितिका सदस्य अनिल सिंह बताउनुहुन्छ।

षष्ठीका दिन व्रतालुले ठेकुवा, फलफूल, मिठाइ, रोटी सूर्य एवं छठी मातालाई चढाउने गर्छन्। रोटीमा सूर्यको रथका पाङ्ग्रा अङ्कित गरिन्छ। षष्ठीका दिन पक्वान्न, फलफूल र नरिवललाई बाँसको टोकरीमा सजाएर माथिबाट कपडाले छोपिन्छ। साँझपख बत्ती बालेर माटाको घडाको साथ गीत गाउँदै नदी वा तलाउका किनारमा गइन्छ । डुब्न लागेका सूर्यलाई अर्घ्य दिइ प्रणाम गरिन्छ। अर्घ्य दिएपछि तीनपटक पानीमा डुबुल्की मारी मनोरञ्जन गर्दै त्यहीँ रात बिताइन्छ। सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई दर्शन गर्न बिहान ४ बजेदेखि नै प्रतीक्षा गरिन्छ । उदाउँदो सूर्यलाई गाईको दूध, फूल र जलले अर्घ्य दिइन्छ । यसरी घाटमा गरिने पूजालाई भिन्सरघाट भनिन्छ।

बिहानै घाटमा गरिने पूजा भएकाले भिन्सरघाट भनिएको हो। सूर्योदयकालमा अर्घ्य दिइ सूर्यको दर्शन गरेपछि छठ पूजा सकिन्छ। सूर्यको दर्शन गर्दा भक्त लुगासहित कम्मरसम्म पानीमा डुबेर सूर्य दर्शन गर्ने विधि रहेको छ । पृथ्वीमा भएका जीवको सञ्चालन र संरक्षण जल एवं सूर्यबाट भएकाले नदीलाई माता, सूर्यलाई सम्पूर्ण शक्तिको स्रोतका रुपमा मानी विशेष पूजा गर्ने गरिएको हो। कार्तिक शुक्ल पक्षमा सूर्यको पूजा गर्नाले मनोकाङ्क्षा पूरा भई इच्छाएको फल प्राप्त हुने उल्लेख शास्त्रमा गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्राडा रामचन्द्र गौतम बताउनुहुन्छ।

सूर्यको उपासना गर्ने र शुद्धताको प्रतीक भएकाले तराईबाट सुरु भई हाल पहाड र हिमाली क्षेत्रसम्म पनि छठ मनाउन थालिएको छ। सूर्य पूजा र दर्शन गरी विवाहिता महिला पुरुषले पति पत्नीको दीर्घायु एवं अविवाहित केटा केटीले सुयोग्य वर बधु प्राप्तिको कामना गर्छन्। सन्तान प्राप्तिको कामनाले यो पर्व मनाउनेको सङ्ख्या पनि धेरै छ। यो पर्वमा मुस्लिम, बौद्ध र जैन धर्मावलम्बीकोसमेतको सहभागिता रहने गरेको विसं २०६८ देखि कमलपोखरीमा छठ पूजाको नेतृत्व गर्दै आउनुभएका कमलपोखरी छठ समाजका अध्यक्ष राजेन्द्र सिंहले बताउनुभयो । गुह्येश्वरीमा विसं २०७६ को छठसम्म मुस्लिमका पाँच परिवारले छठ पूजा गर्थे । कोरोना महामारीका कारण गत वर्ष छठ रोकिएपछि ती परिवार वीरगञ्ज गएर छठ मनाउन थालेको समिति सदस्य सिंहले सुनाउनुभयो।

सर्वप्रथम छठीमाताले सूर्यदेवलाई खुसी पारी यो पर्व मनाउन थालिएको धार्मिक विश्वास छ। महाभारतकालमा द्रौपदीसहित पाण्डवहरू अज्ञातवासमा रहँदा गुप्तबास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए। पाण्डवहरू विराट राजाका दरबारमा बसेका बेला गरेको सूर्य पूजाका प्रभावले अज्ञातवास सफल भएको विश्वासमा यो पर्व मनाउन सुरु गरिएको पौराणिक ग्रन्थमा उल्लेख छ।

अत्रिमुनिकी पत्नी अनुसूयाले सर्वप्रथम छठ व्रत गरेको सूर्य पुराणमा उल्लेख छ। छठ व्रतका प्रभावले अटल सौभाग्य र पतिप्रेम प्राप्त भएपछि अरुले पनि मनाउने परम्पराको सुरुआत भएको अनुयायीको भनाइ छ।

यस वर्ष कार्तिक शुक्ल षष्ठी अर्थात् कात्तिक २४ गते बुधबार बेलुकी अस्ताउँदो र सप्तमी अर्थात् कात्तिक गते बिहीबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिइन्छ। यसैगरी कमलपोखरीमा यस वर्ष काठमाडौँ महानगरपालिकाकै संयोजनमा छठ पर्व मनाइने भएको छ । रानीपोखरीमा भने छठ पूजा नहुने जनाइएको छ।

# बेँसीशहरका सडक जीर्ण

पोखरापत्र संवाददाता
लमजुङ, २२ कार्तिक

जिल्लाकै सबैभन्दा सुगम तथा सुविधा सम्पन्न सदरमुकामको बेँसीशहर नगरपालिकाको सडक जीर्ण बन्दै गएको छ।

सम्बन्धित निकाय तथा नगरपालिकाको बेवास्ताका कारण मर्मत नहुँदा रानीकुवा, मजुवाखेला नजिकैको सडक पुल, शेरा चोक, फुलबारी चोक, भिङ्गेखोला, ल्याण्ड स्टार साइट, घलेगाउँ चोकलगायत स्थानका सडक जीर्ण बन्दै गएको हो। अन्नपूर्ण पदमार्गको प्रवेशद्वारसमेत रहेको बेँसीशहरको सडक जीर्ण हुँदा आन्तरिक तथा विदेशी पर्यटक, सवारी चालक, यात्रुदेखि स्थानीयवासीले समेत बढी सास्ती खेप्दै आएका छन्। रानीकुवा र मजुवाखोलाबीच भागको झण्डै ५० मिटर सडकको कालोपत्र गतवर्ष र यस वर्षको बाढीपहिरो भत्काएको छ। यहाँका केही भाग सडकसमेत बाढीले बगाएको छ । यसरी सडक जीर्ण बन्दै गए पनि मर्मत हुन नसक्दा पानी परेको बेलामा हिलाम्मे र अन्य बेला धुलाम्मे हुँदा सवारी साधनदेखि पैदल यात्रुसम्मलाई समस्या हुनथालेको छ । यही नजिकको मजुवा पुल समेत जीर्ण बन्दै गएको छ। उक्त पुल काटेपछि मुख्य बजारका सडकमा खाल्डैखाल्डा देखिन्छ । यहाँ वर्षा भएको बेलामा खाल्डाखुल्डीमा जमेको पानीले हिलो तथा पानी छ्याप्ने हुँदा समस्या हुने गरेको स्थानीयवासीको गुनासो छ । यस्ता खाल्डाखुल्डीले गर्दा सवारी साधनसमेत सहज रुपमा सञ्चालन गर्न समस्या हुने गरेको छ। सर्वसाधरण मात्र मात्र होइन यही बाटोहुँदै नगर प्रमुख, उपप्रमुख, प्रजिअ, जिल्लाका विभिन्न कार्यालय प्रमुख नियमित ओहोरदोहोर गर्ने गरे पनि यस विषयमा कुनै चासो नै दिइएको छैन। केही समयअघि शेरा चोकमा हिँड्दै गर्दा एउटा मोटरसाइकलले खाल्डोमा जमेको पानी शरीरभरी पारेर रुझाएको स्थानीयवासी लक्ष्मी श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, "यहाँ एक दिन मात्र होइन वर्षाभएका बेलामा अन्य यात्रुलाई पनि जथाभावी सवारी चलाउनेले रुझाउने भएकाले डराइडराइ हिँडनुपर्ने भएको छ।"

# किबीखेती फस्टाउँदै

पोखरापत्र संवाददाता
म्याग्दी, २२ कार्तिक

जलजला गाउँपालिका-१ मलगाउँकी देउकुमारी तिलिजाले छ रोपनी पाखोबारीमा किबीखेती गरेको पाँच वर्ष भयो । कोदो, मकै र गहुँ बाली दुम्सीले नष्ट गर्न थालेपछि करिब १० वर्षसम्म बारीमा खेती भएको थिएन्।

"किबी लगाएपछि जङ्गली जनावरले पनि दुःख दिएका छैनन", तिलिजाले भन्नुभयो, "कोदो-मकै लगाउँदाभन्दा आम्दानी पनि राम्रो भएको छ ।" कोदो लगाउँदा वर्षमा दुई क्विन्टल उत्पादन हुन्थ्यो । किबीका ७० मध्ये ५० वटा बोटले फल दिन्छन् । गत वर्ष प्रतिकिलो रु २५० का दरले ५०० किलोग्राम किबी बेचेको तिलिजाले बताउनुभयो। यसपाली पनि गत वर्षकोभन्दा बढी किबी फलेको छ । चार रोपनी पाखोबारीमा लगाएको ५० वटा किबीका बोटबाट अन्नपूर्ण गाउँपालिका-८ राम्चेका भक्तबहादुर पुर्जाले गएको याममा ५०० किलोग्राम भन्दा बढी उत्पादन गर्नुभयो।

मकै, कोदो र आलुखेती गर्दा वर्षमा बढीमा रु २० हजार आम्दानी हुने उक्त क्षेत्रफलमा गरेको किबीबाट रु ७५ हजार कमाई भएको पुर्जा बताउनुहुन्छ। "अरुले प्रतिकिलो रु ३०० भन्दा बढीमा बिक्री गर्छन् तर हामीले उपभोक्तालाई आकर्षित गर्न प्रतिकिलो डेढ सयमा बेच्यौँ", पुर्जाले भन्नुभयो, "अन्नबालीको भन्दा किबीबाट धेरै बढी आम्दानी भयो ।"अनुकूल भूगोल, हावापानी, उच्च बजार मूल्यका कारण म्याग्दीका कृषक पछिल्लो समय व्यावसायिक किबीखेतीतर्फ आकर्षित भएका छन्।

म्याग्दीका राम्चे, बरञ्जा, दिच्याम, कुहुँ, तोरीपानी, भकिम्ली, रुम, पर्वतको लेकफाँट, बाँसखर्क र शालीजा क्षेत्रमा केही वर्षयता किबीखेती बिस्तार भएको छ। बत्तीस वर्षअघि जापानबाट आएका स्वयंसेवकले धौलागिरि क्षेत्रमै पहिलो पटक राम्चेमा किबी भित्र्याएका थिए।

स्वादिलो, धेरै पौष्टिक तत्व पाइने र स्वस्थ्यकर मानिने किबीको बजारमा माग र खपत बढेको छ । लगाएको तेस्रो वर्षबाट एउटा बोटमा ५० देखि ७० किलोग्रामसम्म फल लाग्ने गर्छ। कृषि ज्ञान केन्द्रका कृषि प्रसार अधिकृत गोविन्द पाण्डेका अनुसार समुद्री सतहदेखि एक हजार ५०० देखि दुई हजार मिटरको उचाइमा किबीखेती गर्न सकिन्छ।

"भिटामिन सीलगायत पौष्टिक तत्व पाइने किबी चिनी रोगका बिरामीका लागि लाभदायक मानिन्छ", उहाँले भन्नुभयो, "राम्रो भयो भने एकै रोपनीमा रु चार लाखसम्म आम्दानी गर्न सकिन्छ। पाचन प्रक्रियालाई सहयोग गर्ने किबीबाट जाम र वाइन बनाउन सकिन्छ।" अमिलो र गुलियो स्वाद पाइने किबीलाई नेपालीमा ठेकी फलका रुपमा चिन्ने गरिएको छ । न्यूजील्याडले किबीलाई प्रमुख फलफूल बालीको मान्यता दिएको छ । सोयु, ब्रुनो, हेवार्ड, आलीसान, टोमरी, मन्टी जातको किबीको बिरुवाको मूल्य सरकारी दरअनुसार प्रतिगोटा रु १०० छ।

निजी नर्सरीबाट रु ३०० सम्ममा बिक्री हुन्छ। कृषि ज्ञान केन्द्रले गत वर्ष नमूना फार्म कार्यक्रममार्फत एउटा किबीको फार्म स्थापनाका लागि अनुदान दिएको थियो। यो वर्ष चार वटा किबी फार्म स्थापनाका लागि आवेदन परेको छ । सजिलो र कलामी बिरुवा रोपेको दुई वर्षमै आम्दानी लिन सकिने बेनी नगरपालिका-९ तोरीपानीका सागर बानियाँले बताउनुभयो।

प्रति आठ वटा पोथी बिरुवा बराबर एक वटा भाले किबीका बिरुवा लगाउनुपर्छ। लहरा भएर फैलिने किबी एक रोपनीमा १५वटासम्म किबीका बिरुवा लगाउन सकिन्छ।

फूल खेल्ने बेलामा असिनाबाट जोगाउनु किबीखेतीको मुख्य चुनौती हो।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : सहयोग मिल्नेछ |
| वृष | : मन चञ्चल | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : मानसिक तनाब |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : आर्थिक समस्या |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : शत्रुको भय | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

## राहदानी हरायो

मिति २०७८ भाद्र १५ गते मादीबाट पोखरा तर्फ आउँदै गर्दा मेरो निम्न ब्यहोराको राहादानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरीचौकी वा निम्न ठेगानामा सम्पर्क गर्नुहोला।

नाम : केशवराज गौतम
ठेगाना : मादी-५, कास्की
पासपोर्ट नं. ०७५०७४६२
मो. : ९८६६०५१२३०

## कुक चाहियो

नेपाली खाना बनाउन जान्ने कुकु तुरुन्त चाहियो ।

सम्पर्क:
९८४६०३३४५५

## फेन्सी पसल बिक्रीमा

चालु अवस्थामा पोखरा नागढुंगा स्थित फेन्सी, कस्मेटिक, हस्पिटल जन्य सामग्री भएको फेन्सी पसल बिक्रीमा ।

सम्पर्क:
९८४६५२१९९३

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म:
वि.स. २००६/१२/३० गते

स्वर्गारोहण:
वि.स. २०७८/०७/११ गते

**स्व: टिकाराम पौडेल**

यस विद्यालयमा कार्यरत शिक्षक श्री गोविन्द प्रसाद पौडेलका पुजनीय बुबा **टिकाराम पौडेल** को असामयिक निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

रामदत्त पौडेल, प्रधानाध्यापक तथा शिवराज बास्तोला, वि. व्य. स. अध्यक्ष

**महेन्द्र माध्यमिक विधालय परिवार**
नयाँबजार, पोखरा ९, कास्की

# कोदोको माग गाउँमा भन्दा बजारमा

**–खेमराज गौतम**
**बागलुङ, २२ कार्तिक**

बागलुङमा सबै भन्दा बढी उत्पादन हुने अन्नबालीमा पर्दछ कोदो । यतिबेला किसानलाई कोदो थन्काउन भ्याइनभ्याइ भएको छ । पछिल्लो समय कोदोको महत्व बढ्दै गएको छ । आयातित चामलले कृषिमा झन्झटिलो बालीका रुपमा रहेको कोदो विस्तारै लोप हुने अवस्थामा पुगे पनि पछिल्लो समय कोदोको परिकारप्रति स्थानीयवासीको मात्रै हैन, बजारवासी र पर्यटकको समेत आकर्षण बढेको छ ।

बागलुङका घरबास (होम-स्टे) को आकर्षणसमेत कोदोको परिकार बन्न थालेको छ । पछिल्लो समय होटल, रेष्टुराँ र रिसोर्टमा समेत कोदोको ढिडोको माग बढ्दै गएपछि कोदो खेतीमा पुनः बढ्न थालेको छ । बागलुङको काठेखोला गाउँपालिका-३ धम्जा ओखलेस्थित सामुदायिक घरबास बेलढुङ्गा सामुदायिक घरबासमा कोदोको सेल रोटी घरबासको प्रमुख आर्कषण भएको घरबास सञ्चालक समितिका सचिव गोपाल श्रीसले बताउनुभयो । बेलढुङ्गा घरबास मात्रै होइन, बागलुङका २८ सामुदायिक घरबासमा समेत कोदोको ढिँडो, रोटी निकै रुचाइएको होमस्टे सञ्चालक बताउछन् । पहाडी जिल्लाको रुपमा रहेको बागलुङमा सिँचाइ सुविधा नभएका अधिकांश स्थानमा कोदोखेती गरिन्छ । तर, विस्तारै कोदोको महत्व बढ्दै गएपछि किसानले महत्वका साथ यसको खेती गर्दै आएका छन् ।

बागलुङ नगरपालिकाको सिगाना, काठेखोला गाउँपालिकाको भिमापोखरा, ढोरपाटन, बडिगाड, निसीखोला, तमानखोला, जैमिनी र बरेङलगायतको क्षेत्रमा बढी मात्रमा कोदोखेती हुने गरेको छ भने गलकोट, बडिगाड, बलेवा, रेश लगायतको क्षेत्रमा धानखेती बढी हुने गर्दछ । तिहारको भोलिपल्ट देखिनै कोदो काट्न व्यस्त भएको बागलुङ नगरपालिका-८ सिगानाका तुलसा गौतमले बताउनुभयो । गौतमले उत्पादन गर्नुभएको कोदो केही घरमै प्रयोग हुन्छ भने केही बजारमा बिक्रीका लागि पठाइने गरेको छ ।

काठेखोला गाउँपालिका-२ भिमापोखराका किसान जगत केसीले आफूले उत्पादन गरेको कोदो बागलुङ बजारमा बिक्री हुने बताउनुहुन्छ । "पहिला गरिबले कोदोको परिकार खाने, धनीले चामलको खाना खाने प्रचलन थियो भन्छन् तर अहिले बागलुङ बजारसहित नेपालको महँगा होटल तथा रेष्टुराँमा धनीले अर्गानिक खानाको रुपमा कोदोको परिकार रुचाएको पाइएको छ" केसीले भन्नुभयो, "अहिले चलन उल्टो भएको छ, ठूला होटलमा कोदोको परिकार पाक्छ, गाउँमा बरु कोदो बेचेर चामल खरिद गर्ने प्रचलन अझै छ ।" जिल्लामा धानबालीलाई प्रमुख खेतीको रुपमा मान्दै आए पनि बागलुङमा भने कोदोखेती प्रमुख अन्नबाली रहेको कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराइले जानकारी दिनुभयो । कार्यालयले रैथाने बाली कोदो संरक्षण र पवर्द्धन गर्न समेत थालेको छ । गतवर्ष मात्रै बागलुङमा रैथाने बाली कोदोको संरक्षण र प्रवर्द्धनका लागि मात्रै १५ लाख खर्च भइसकेको केन्द्र प्रमुख भट्टराइले जानकारी दिनुभयो । चालू आर्थिक वर्षमा कोदोको संरक्षणका लागि रु तीन लाख बजेट रहेको छ । यस्तै ग्रामीण पोषण कार्यक्रम अन्तर्गत मुख्यतः कोदो बालीलाई नै विस्तार प्रवर्द्धन गर्ने उद्देश्यले स्वास्थ्य कार्यालयसँग मिलेर रु ३० लाखको योजना कार्यान्वयन गरिने कृषि ज्ञान केन्द्र बागलुङले जनाएको छ । "बागलुङको प्रमुख कोदोबाली संरक्षण गर्दै यसको उत्पादन बढाउँदै लैजाने उद्देश्यले कोदोबाली संरक्षण गर्न थालिएको छ", भट्टराइले भन्नुभयो,"कोदो, फाँपर र सिस्नोमा आइरन, मिनरल बढी पाइन्छ, पोषणका लागि नभइ नहुने तत्व यसमा छ, बागलुङमा कोदोको उत्पादन बढाउन सबैको सहयोग आवश्यक छ ।"

बागलुङमा धानखेतीको तेब्बर कोदोखेती हुने गरेको तथ्याङ्कले देखाउने गरेको छ । बागलुङमा पाँच हजार ८०० हेक्टर जमिनमा धानखेती हुने गरेकोमा १८ हजार हेक्टर जमिनमा कोदोखेती गरिँदै आइएको ज्ञान केन्द्र बागलुङले जनाएको छ । पछिल्लो समय कोदोको माग सहर बजारमासमेत हुँदा कोदो किसान उत्साहित भएका छन् । हाइब्रिड धान, गहुँ, मकै भित्र्याउने किसानले कोदोको भने परम्परागत बीउ लगाउने गरेका छन् । कृषि ज्ञान केन्द्र कार्यालयले कोदोको बढी उब्जनी हुने बीउवितरण गर्दै आएको छ । अहिले राम्रो कोदो उत्पादन हुने क्षेत्रका किसानलाई ३० हजार रुपैयाँ अनुदानमा कोदोको बीउ, तरकारी र फलफूलका बीउ दिने कृषि ज्ञान केन्द्र बागलुङको योजना छ ।

# सिसी क्यामरा जडान गर्न देउसीभैलो

**पोखरापत्र संवाददाता**
**दमौली, २२ कार्तिक**

रमाइलोका लागि मात्र नभई विभिन्न सामाजिक कार्यका लागि देउसीभैलो खेल्नेक्रम बढेको छ ।

पछिल्लो समय तिहारमा खेलिने देउसीभैलोलाई विभिन्न सङ्घसंस्थाले सामाजिक कामसँग जोड्न थालेका छन् ।

व्यास नगरपालिका-२ अमर सिंह मार्ग टोल विकास संस्थामा आबद्ध स्थानीयवासीवासीले टोलमा सिसी क्यामरा जडानका लागि देउसीभैलो खेलेर रकम सङ्कलन गरेका छन् । ३५ घरधुरी रहेको टोलमा सिसी क्यामरा जडान गर्न आवश्यक रहेकाले देउसीभैलोबाट रु ६२ हजार १०५ सङ्कलन भएको टोलका अध्यक्ष हविव खानले जानकारी दिनुभयो । "यस टोलमा सिसी क्यामरा जडान गर्न अतिआवश्यक भइसकेको छ, शान्ति सुरक्षा कायम गर्न र अपराध नियन्त्रणका लागि सिसी क्यामरा आवश्यक छ", उहाँले भन्नुभयो ।

बजार क्षेत्रमा चोरीलगायत शङ्कास्पद गतिविधि नियन्त्रण गर्न सघाउ पुर्‍याउने उद्देश्य लिएर आफूहरूले देउसीभैलो खेलेको टोलका सहसचिव विकल्प श्रेष्ठले बताउनुभयो । टोलवासीको सल्लाह र सुझावले नै आफूहरूले सिसी क्यामेरा जडान गर्न देउसीभैलो खेल्ने निर्णय गरेको उहाँले जानकारीदिनुभयो । उहाँका अनुसार देउसीभैलोबाट सङ्कलन भएको रकममा थपथाप गरी सिसी क्यामरा खरिद गरिने छ ।

सामाजिक भावना राखेर आफूहरूले खेलेको देउसीभैलो कार्यक्रममा टोलवासीले मन खोलेर दान गरेकाले थप हौसला मिलेको सस्थाका सदस्य गौरी थापाले बताउनुभयो । तिहारमा टोलले दमौली बजार क्षेत्रमा पहिलोपटक झिलीमिली बत्ती जडान गरेर चर्चा बटुलेको थियो ।

# तीन महिनामा एक करोड राजश्व संकलन

**पोखरापत्र संवाददाता**
**दमौली, २२ कार्तिक**

जिल्ला प्रशासन कार्यालय तनहुँले तीन महिनाको अवधिमा रु एक करोड भन्दा बढी राजश्व सङ्कलन गरेको छ । कार्यालयले चालु आर्थिक वर्ष ०७८/७९ को साउनदेखि असोज मसान्तसम्म रु एक करोड २८ लाख ३१ हजार छ सय ३५ राजश्व सङ्कलन गरेको हो ।

राहदानी शुल्क, संस्था दर्ता, नवीकरण, हातहतियार नवीकरण, न्यायिक दण्ड लगायतबाट कार्यालयले उक्त राजश्व सङ्कलन गरेको हो । कार्यालयले सबैभन्दा बढी राहदानी शुल्कबाट राजश्व सङ्कलन गरेको छ । सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालका अनुसार राहदानी शुल्कबाट मात्रै रु एक करोड २२ लाख १५ हजार, संस्था दर्ता/नवीकरणबाट रु तीन लाख ४३ हजार तीन सय ९५, हातहतियारको इजाजतपत्र दस्तुरबाट रु ३५ हजार दुई सय र न्यायिक दण्ड, जरीवानाबाट रु दुई लाख ३८ हजार ४० राजश्व सङ्कलन भएको छ ।

कार्यालयले उक्त अवधिमा दुई हजार ९ सय ४० नागरिकता वितरण गरेको छ । वंशजका आधारमा दुई हजार ९ सय ३५ र वैवाहिक अङ्गिकृतका आधारमा पाँच नागरिकता वितरण गरिएको छ । सोही अवधिमा एक हजार ६ सय ६६ नागरिकताको प्रतिलिपि वितरण गरिएको छ । कार्यालयले एक हजार ७२ राहदानी वितरण, दुई हजार तीन सय ३५ जिल्लाबाट सिफारिस र चार सय २१ द्रुत सेवा सिफारिस गरेको छ । १२ जना विपद्‌बाट पीडित भएकामा कार्यालयले रु पाँच लाख ४८ हजार आर्थिक सहायता रकम प्रदान गरेको छ । ११ मुद्दा दर्ता भएकामा गत वर्षको समेत गरी १३ मुद्दा फर्छ्यौट भएको छ ।

आदिवासी जनजाति प्रमाणित सात सय ६५, दलित प्रमाणित दुई सय ९९, पेन्सन सिफारिस चार सय ३६ र एक हजार ४३ अन्य सिफारिस गरिएको छ । कार्यालयमा उक्त अवधिमा ३४ नयाँ संस्था दर्ता भएका छन् भने चार सय २५ संस्था नवीकरण भएका छन् ।

# तीन जिल्लाको संगमस्थलमा टेलिकमको सेवा

**पोखरापत्र संवाददाता**
**बागलुङ, २२ कार्तिक**

बागलुङ, पूर्वी रुकुम र रोल्पाको सङ्गमस्थल तिलाचन धुरीमा नेपाल टेलिकमले सेवा विस्तार गरेको छ ।

पातीहाल्नेसमेत भनेर चिनिने त्यस उच्च पहाडी भेगमा टेलिकमको मोबाइल र इन्टरनेट सेवा पुगेको हो । यहाँको निसीखोला गाउँपालिका-६ मा २५ मिटर अग्लो बिटियस टावर निर्माण गरी सेवा सञ्चालनमा ल्याइएको टेलिकम बागलुङ कार्यालयका प्रमुख एवं वरिष्ठ इञ्जिनीयर केशव शर्माले जानकारी दिनुभयो ।

टेलिकमले सेवा विस्तार गरेसँगै त्यस क्षेत्रका सर्वसाधारणले मोबाइल र उच्च गतिको फोरजी इन्टरनेट प्रयोग गर्न पाएका छन् । यसअघि त्यहाँ कुनै पनि दूरसञ्चार सेवा पुग्न सकेको थिएन । मध्यपहाडी पुष्पलाल लोकमार्ग भएर पातीहाल्ने हुँदै बागलुङ-रुकुम आउजाउ गर्ने यात्रुसमेत सञ्चारबाट वञ्चित हुनुपर्ने स्थिति थियो ।

लोकमार्गले छिचोलेपछि तिलाचन धुरी र त्यस आसपासमा बढ्दो पर्यटकीय गतिविधि तथा यात्रुको सुविधालाई हेरेर सेवा विस्तार गरिएको प्रमुख शर्माले बताउनुभयो । त्यहाँ बस्ती भने कम छ । तल्लो भेगका किसान मौसमी रुपमा पशुचौपाया लिएर तिलाचन लेक जाने गर्छन् । पहिले तीनै जिल्लाका गोठालाको बसोबास क्षेत्रका रुपमा पनि त्यो ठाउँलाई चिनिन्थ्यो । "मुख्य गरी राजमार्ग र पर्यटकीय क्षेत्रलाई लक्षित गरी तिलाचन धुरीमा टेलिकमको सेवा विस्तार गरिएको हो, त्यसबाट स्थानीयवासीलाई पनि लाभ मिलेको छ", प्रमुख शर्माले भन्नुभयो । उहाँले जिल्लाकाकुनाकाप्चासम्मटेलिकमको गुणस्तरीय सेवा पुर्‍याउने अभियानमा आफूहरु लागिपरेको बताउनुभयो ।

## फेदीखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### फेदीखोला, गण्डकी, प्रदेश, नेपाल

## बढाबढ सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**तेस्रो पटक सूचना प्रकाशित मिति २०७८।०७।२३**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ घ (२) र २ घ (११) अनुसार यस गाउँपालिकाको आ.व. २०७८।७९ को लागि निम्न शिर्षकहरुमा कर, सेवाशुल्क, दस्तुर तथा आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) गर्ने प्रयोजनको लागि यो सूचना पुनःप्रकाशित गरिएको छ । तोकिएको न्युनतम अंकमा नघट्ने गरि तपसिलमा उल्लेखित ठेक्का नं. अनुसार छुट्टाछुट्टै दरभाउपत्र फाराम खरिद गरि रितपूर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न यो १५ दिने सूचना पुनःप्रकाशित गरिएको छ । मिति २०७८।०८।०७ गतेको कार्यालय समय भित्र ईच्छुक दरभाउपत्र दाताले आवश्यक कागजात सहित निवेदन दिइ तोकिएको दरभाउपत्र दस्तुर तिरी दरभाउपत्र खरिद गर्न सक्नेछन् । मिति २०७८।०८।०८ गतेको मध्यान्ह १२:०० बजेभित्र ईच्छुक दरभाउपत्र दाताले आवश्यक कागजात संलग्न राखी दरभाउपत्र दाखिला गर्न सक्नेछन् । यस सम्बन्धमा तोकिएका शर्तहरु लगायत थप जानकारी प्राप्त गर्न ईच्छुक दरभाउपत्र दाताले यस कार्यालयको Website: www.phedikholamun.gov.np हेर्नुहुन वा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

**तपसिल**

| क्र. सं. | सूचना नं./ ०६/०७८/७९ ठेक्का नं. | कार्यको नाम | आ.ब.२०७८/७९ को लागि न्यूनतम अंक रु.(मु.अ.क.बाहेक) | दरभाउपत्र फारम दस्तुर | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| (क) सडक उपयोग, संरक्षण तथा मर्मत संभार शुल्क (स्थानीय पूर्वाधार सेवा र शुल्क) | | | | | |
| १ | PRM-T-SQ-22-078-79 | कुभिण्डे मट्टिखान नुवाकोट पौवैगौंडे सडक | १,५८,२००/- | १०००/- | दरभाउपत्र दाताले आँफुले कबोल गरेको मु.अ.क.सहितको कुल कबोल अंकको कम्तिमा ५ प्रतिशतले हुने रकम धरौटी राख्नुपर्नेछ । |
| २ | PRM-T-SQ-23-078-79 | कुभिण्डे डाँडागाउँ गुर्दुम सडक | २२,६००/- | १०००/- | |
| ३ | PRM-T-SQ-24-078-79 | सर्केटारी दामगाडे रामकोट सडक र सर्केटारी कटुजेस्वाँरा गुर्दुम सडक | २२,६००/- | १०००/- | |
| ४ | PRM-T-SQ-25-078-79 | पर्सेभाटी टोड्के सडक | २२,६००/- | १०००/- | |
| ५ | PRM-T-SQ-26-078-79 | फेदीखोला स्थानचौर चनौटे भाटखोला पञ्चधाम सडक र कुखुरेखोला चनौटे सडक | ३३,९००/- | १०००/- | |
| ६ | PRM-T-SQ-27-078-79 | फेदीखोला कर्मीडाँडा मट्टिखान सडक | २२,६००/- | १०००/- | |

## श्री शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.
### Shree Shuvalaxmi Saving & Credit Co-Operative Ltd.
### भीरकोट न. पा.-१, बयरघारी,स्याङ्जा

सम्पर्क नं.०६३-४००१२१,०६३-४००१२२,९८५६०६६६२९
ईमेल ठेगानाः suvalaxmi.saving29@gmail.com

## शिलबन्दी बोलपत्र मार्फत जीप लिलामी बिक्री गर्ने बारे १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/०७/२३ गते**

यस श्री शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.भीरकोट १ बयरघारी स्याङ्जाको नाममा रहेको तपसीलको सवारी साधन यस संस्थाको लिलाम समितिको मिति २०७८/०७/१६ गतेको निर्णय नं.१ बमोजिम तपसिलको शर्तहरु राखी आजको मितीले १५ दिनभित्र अर्थात मिति २०७८/०८/०७ गते भित्रमा ईच्छुक सघं/सस्था तथा व्याक्तिहरुलाई यस संस्थामा बोलपत्र पेश गर्न यो १५ दिने सम्पत्ती लिलामको सूचना जारी गरिएको छ ।

**तपसिल**

दर्ता नं.: ग २ च ६६४९ — कम्पनीको नामः महिन्द्र एण्ड महिन्द्र लि.
बनेको सालः २०१७ — हर्ष पावरः २५२३
ईन्जीन नं.: GHH1J23786 — च्यासीस नं.: A1ZC4GHKH1J69320
सवारीको रङः सेतो — सवारीको मोडलः Mahindra Bolero SC4WD
चालक सहित सिट क्षमताः २ सीट

**शिलबन्दी लिलामी बिक्री सम्बन्धी शर्तहरुः**

(१) लिलाम गर्ने साधन जे जस्तो अवस्थामा छ सोही अवस्थामा स्विकार गर्नुपर्नेछ ।
(२) जीपको न्यूनतम मूल्य रु १५००,०००/-
(३) बोलपत्र प्राप्त गर्ने स्थानः–संस्थाको केन्द्रीय कार्यालय
(३) बोलपत्र प्राप्त गर्ने मिति र समयः २०७८/०७/२३ गतेदेखि मिति २०७८/०८/०७ भित्र कार्यालय समय भित्रमा
(४) शिलबन्दी बोलपत्र फारम यस सहकारीको भीरकोट १ बयरघारी,स्याङ्जाबाट रु १०००/-(पछि फिर्ता नहुने गरि) तिरी बोलपत्र फारम प्राप्त गर्न सकिने छ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
(५) गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस संस्थाको केन्द्रीय कार्यालयमा कार्यालय समयभित्र बुझाई सक्नुपर्नेछ । गोप्य शिलबन्दी बोलपत्र फारमका साथ आफुले कबुल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम नगद धरौटी स्वरुप यस सहकारी संस्थामा बुझाउनुपर्नेछ । लिलामी सदर, बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाईने छैन र धरौटी बापत जम्मा गरेको रकममा कुनै पनि ब्याज प्रदान गरिने छैन ।
(६) माथी उल्लेखित धितो सम्पत्तिको शिलबन्दी बोलपत्र खोल्ने कार्य यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०७८/०८/०८ गते बुधबार दिउँसो २ बजे संस्थाको केन्द्रीय कार्यालय भीरकोट १ बयरघारीमा हुनेछ । तोकिएको दिन शिलबन्दी खोल्ने कार्य सम्पन्न हुन नसकेमा वा बिदाको दिन परेमा सोको लगतै सहकारी खुलेको दिन तोकिएको समयमा सरकारी प्रतिनिधिहरु समेतको रोहवरमा शिलबन्दी बोलपत्र खोलीनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।
(७) लिलामी सकार गर्ने व्याक्ती/संस्थाले सहकारीबाट लिलाम सदर भएको सूचना पाएको ७ (सात) दिनभित्र बाँकी रकम बुझाई धितो सम्पत्ति बुझी नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतःजफत हुनेछ ।
(८) बोलपत्रदाताले लिलाम सकार गरेको सम्पत्ति नामसारी गर्दा लाग्ने राजस्व तथा अन्य दैदस्तुर र स्वम् बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
(९) लिलाम बिक्री हुने सम्पत्ति हेर्न वा बुझ्न चाहने महानुभावहरुले यस सहकारी संस्थामा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा बुझ्न सक्नुहुनेछ
(१०) कथम कदाचित यो सूचना बमोजीमको शिलबन्दी बोलपत्र प्रकृया बदर भएमा पुन शिलबन्दी बोलपत्र आव्हान गर्न सकिनेछ ।
(११) शिलबन्दी बोलपत्र मार्फत लिलामी बिक्री गर्दा सबै भन्दा बढी अकं कबोल गर्ने बोलपत्रदातालाई बिक्री गरिने सम्पत्ती कुनै कारण देखाई वा नदेखाई दिने/नदिने तथा लिलाम बिक्री प्रक्रिया सम्बन्धमा अन्तिम निर्णय गर्ने सम्पूर्ण अधिकार सहकारीसँव सुरक्षित रहनेछ ।

**बोधार्थः-**
(१) यातायात व्यवस्था कार्यालय,कास्की
(२) भीरकोट नगरपालिका,स्याङ्जा
(३) जिल्ला सहकारी संघ,स्याङ्जा
(४) भीरकोट न.पा.वडा नं.१,स्याङ्जा
(५) जिल्ला प्रहरी कार्यालय,स्याङ्जा